# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।११।१६ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. ४ मा कार्यरत वडा सचिव (नायब सुब्बा) मोहम्मद सिद्दिकले विवाह दर्तामा सहजिकरण गरिदिने भनी सेवाग्राहीसँग रु. ३,०००।– घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज नायब सुब्बा मोहम्मद सिद्दिकलाई सेवाग्राहीबाट रु. ३,०००।– (तीन हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा मिति २०७८।०९।०२ गते नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सिद्धार्थनगर, नगरपालिका वडा नं. ४ मा कार्यरत वडा सचिव (नायब सुब्बा) राष्ट्रसेवक कर्मचारी मोहम्मद सिद्दिकले सेवाग्राहीको विवाह दर्ता गर्ने कार्यमा आनाकानी एवं मोलाहिजा गरी सेवाग्राहीबाट रु.३,०००।— घुस/रिसवत लिएको अवस्थामा रकमसहित पक्राउ परेको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निजलाई बिगो रु.३,०००।-(तीन हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ३६ बमोजिम आज बिशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी